# धनगढी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
website : dhangadhimun.gov.np

प.सं. :- २०७८/७९
च.नं. :- ९३९

मिति :- २०७८/०९/२९

**विषय : मूल्याङ्कन फाराम भरी पठाउने बारे।**

सामुदायिक विद्यालयहरु सबै,
सामुदायमा आधारित बालविकास केन्द्रहरु सबै,
धनगढी उपमहानगरपालिका, कैलाली।

प्रस्तुत विषयमा सामाजिक विकास कार्यालय धनगढी कैलालीको प.सं. ०७८।०७९ च.नं. १९४ मिति २०७८।०९।२८ को पत्रानुसार यस उपमहानगरपालिकाबाट ७ जना बालविकास शिक्षकहरुलाई यसैसाथ संलग्न मूल्याङ्कन फाराम बमोजिम छनौट गरी प्रोत्साहन/पुरस्कार उपलब्ध गराउनु पर्ने भएकोले त्यहाँ विद्यालय र विद्यालय नजिक रहेका बाल विकास केन्द्रमा कार्यरत बालविकास शिक्षकहरुको मूल्याङ्कन गरी मिति २०७८ माघ २१ गतेभित्र यस कार्यालयको प्रारम्भिक बालविकास तथा आधारभूत शिक्षा शाखामा प्राप्त हुने गरी पठाइदिनु हुन अनुरोध गरिन्छ।

Khati

नरेन्द्र बहादुर खाती
उपसचिव

**श्री संचार तथा सूचना प्रविधि शाखा :** सूचना बेभसाइटमा अपलोड गरिदिनु हुन।

**श्री सबै वडा कार्यालयहरु,**
धनगढी उपमहानगरपालिका : सम्बन्धित वडाका विद्यालयहरुलाई जानकारी गराईदिनुहुन।

**प्रा.स. श्री केशब राज खत्री,**
प्रारम्भिक बालविकास तथा आधारभूत शिक्षा शाखा,
धनगढी उपमहानगरपालिका : सम्बन्धित विद्यालयहरुलाई जानकारी गराई विद्यालयबाट प्राप्त मूल्याङ्कन फारामहरुको आधारमा समष्टिगत विवरण तयार गरी पठाउने व्यवस्था मिलाउनु हुन।

## बाल विकास शिक्षकहरूका लागि प्रोत्साहन/पुरस्कार प्रदान सम्बन्धी मूल्याङ्कन फाराम

फाराम (क)

बाल विकास शिक्षकको नाम :-.

गापा/नपा:- धनगढी उपमहानगरपालिका

बाल विकास केन्द्रविद्यालयको नामः

वडा नं. :-

| सि.नं. | मापदण्डहरु | प्राप्ताङ्क | | | |
|---|---|---|---|---|---|
| | | न्यून | मध्यम | उत्तम | अतिउत्तम |
| | | १ | २ | ३ | ४ |
| **क) कक्षा कोठा तथा वातावरण सम्बन्धमा** | | | | | |
| १ | कम्तिमा ५ जनाको ३ वटा साना साना समूहमा स्वतन्त्र रुपमा चल्न खेल्न नाच्न घेरामा बसेर छलफल गर्न ठाउ भएको । | | | | |
| २ | कक्षा कोठा सफा सुरक्षित आकर्षक र सजिलै हिडडुल गर्न सक्ने खालको हावा र प्रकासको उचित ब्यवस्था भएको । | | | | |
| ३ | स्वतन्त्र लेखन क्रियाकलाप (बालबालिकाले आफुखुशि लेख्ने/ कोर्ने) का लागि कक्षाकोठामा कुनै एउटा भित्तामा सहजै लेख्न कोर्न भित्तेपाटीको ब्यवस्था भएको । | | | | |
| ४ | बालबालिकाले प्रयोग गर्ने खेल तथा अन्य सामग्रीहरु उनीहरुले आफै झिक्न र राख्न सक्ने गरी ब्यवस्था रहेको । | | | | |
| **ख) बसाई ब्यवस्था सम्बन्धमा** | | | | | |
| ५ | बालबालिकालाई भुईको चिसो र फोहरले असर नपर्ने गरी बसाईका लागि गुन्द्रि / नरम चकटी /फल्याकको ब्यवस्था गरिएको । | | | | |
| ६ | खाजा खाने ठाउँको छुट्टै ब्यवस्था भएको । | | | | |
| ७ | बालबालिकालाई विश्राम गर्ने ठाउँको ब्यवस्था भएको । | | | | |
| **ग) सिकाई क्षेत्रको ब्यवस्था** | | | | | |
| ८ | भाषा सिकाई क्षेत्र / बुक कर्नर (बालकथाका किताबहरु/ चित्रात्मक तथा अंक तथा अक्षरको ज्ञान हुने पुस्तिकाहरु/ मुर्तिहरु आदि ) | | | | |
| ९ | गणित विज्ञान सिकाई क्षेत्र (अंक अंकित पजलहरु/ रंगिन डोमिनोहरु/ स्थानीय स्तरका बियां ,काठ तराजु/ स्केल /माटो/ बालुवा जस्तो बच्चाले अभ्यास गर्ने सामग्रीहरु आदि) | | | | |
| १० | अभिनय सिकाई क्षेत्र (जसमा पुतली/ भांडाकुटी/ खेलैनाहरु /लुगा आदि) | | | | |
| ११ | स्वालम्बन तथा सिर्जनात्मक सिकाई क्षेत्र (तुना बान्ने/ इजार बान्ने/ फस्नर लगाउने/ हुक लगाउने, त्यसै गरि ब्लक, पजल, उन्ने बुन्ने सामग्री ,रंग, ब्रुश, आकार साईज मिलाउने, माटो ,पानी आदि ) | | | | |
| **घ) शैक्षिक सामग्रीको अवस्था** | | | | | |
| १२ | बालविकास शिक्षक स्वयंको सक्रियतामा संकलन/ तयार गरिएका सामग्रीको उपलब्धता र उपयोग । | | | | |
| १३ | अभिभावकको सक्रियतामा प्राप्त सामग्रीको उपलब्धता र उपयोग । | | | | |
| १४ | संघीय,प्रदेश,स्थानीय सरकार तथा संघसंस्थाबाट उपलब्ध अनुदान/ सामग्रीको उपलब्धता र उपयोग । | | | | |

| सि.नं. | मापदण्डहरु | प्राप्ताङ्क | | | |
|---|---|---|---|---|---|
| | | न्यून | मध्यम | उत्तम | अतिउत्तम |
| | | १ | २ | ३ | ४ |
| १५ | स्थानीय स्तरमा खेलैनाको रुपमा प्रयोग गर्न सकिने सामग्रीहरु जस्तै (बासंका टुक्राहरु, मकैका खोया, लप्सीका विया, कपडा काठका, टुक्राहरु ) को व्यवस्था। | | | | |
| **ङ) अभिलेखको व्यवस्था** | | | | | |
| १६ | केन्द्रमा विभिन्न श्रोतबाट प्राप्त सहयोग खर्च हुने विवरणको अभिलेख दुरुस्त राखिएको। | | | | |
| १७ | बैठक निर्णय लेखिएका रजिष्ट्रर दुरुस्त राखिएको | | | | |
| १८ | केन्द्रमा भर्ना लिदा जन्मदर्ताको आधारमा लिई फाईलिगं गरिएको र रेकर्ड रजिष्ट्ररलाई दुरुस्त अवस्थामा राखिएको। | | | | |
| १९ | वर्षमा कम्तिमा दुई पटक प्रत्येक बालबालिकाको तौल तथा उचाईको नाप लिई अभिलेख राखेको। | | | | |
| **च) सहजकर्ता सम्बन्धमा** | | | | | |
| २० | सहजकर्ताको अनुभव वर्ष। | | | | |
| २१ | सहजकर्ताको तालिम र शैक्षिक योग्यता। | | | | |
| २२ | सहजकर्ताले वार्षिक/ दैनिक कार्ययोजना तयार गरि प्रमाणित गराई सो अनुसार सञ्चालन गर्ने गरेको। | | | | |
| २३ | सहजकर्ताले आवश्यक गीत चित्र कथा पोष्टर साईजमा बनाएर प्रदर्शन गर्ने गरेको। | | | | |
| २४ | सहजकर्ता र अभिभावक बिच नियमित बैठक बसी छलफल हुने गरेको। | | | | |
| २५ | अभिभावकसंग समन्वय गरि बालबालिकालाई लाने लैजाने उचित ब्यवस्था गरेको। | | | | |
| | जम्मा प्राप्तांक | | | | |
| | सबै महलको जम्माः | | | | |

मुल्यांकनको पुर्णांङ्क १०० छ। मुल्यांकनका बुँदाहरु जम्मा २५ वटा रहेका छन्। १ देखि अधिकतम ४ अंक सम्म एउटा बुंदामा प्रदान गर्न सकिने छ। कूल प्राप्तांकमा सबैभन्दा बढी अंक प्राप्त गर्ने निर्धारित संख्याका बालविकास शिक्षकहरुलाई प्रोत्साहन/पुरस्कारका लागि छनौट गर्नुपर्नेछ। मूल्याङ्कन कार्यलाई थप व्यवस्थित गर्न स्थानीय तह आफैले कार्यविधि तयार गर्न सक्नेछ।

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

[signature]

...रेन्द्र बहादुर खाती
उपसचिव

मूल्याङ्कनकर्ताको सहीः

नामः

पदः प्रधानाधापक

मितिः-